नयाँ खबरको शुरुवात

# कामना खबर

Kamana Khabar Weekly साप्ताहिक

वर्ष : १ ✹ अंक : ५ ✹ २०८० साल, असार ६ गते बुधबार, ✹ Wednesday 21 June, 2023 ✹ मूल्य रु. ५/✹ पृष्ठ : ६

## सिमरा-कोल्हबी सडक निर्माण कार्य पुरा नहुँदै जिर्ण बन्दै

### केन्द्र सरकारको प्राथमिकता मै परेन,घामलाग्दा धुलम्मे, बर्षामा हिलाम्मे,स्थानीयलाइ सास्ती





*कामना खबर, बारा ।*

सिमरा-कोल्हबीको नामले चर्चा बटुलेको बारा जिल्लाको चेरवन्त संगै उत्तरी क्षेत्रको कोल्हबी हुदै रोतहटको बिजयपुर जोडने सिमरा-कोल्हबी सडक निर्माण सम्पन्न नहुदै ज्रिणा भएपछी स्थानीयलाई सास्ती भएको छ । तत्कालिन बारा क्षेत्र नम्बर ६ मा २०७० संविधानसभाको निर्वाचनमा पुरुषोत्तम पौडेल निर्वाचित भएपछि पौडेलको सिफारिसमा सिमरा-कोल्हबी सडक सुरु गरीएको थियो । बहुबर्षीय आयोजना अन्र्तगत पहीलोचरणमा सिमरा देखि उचिडी सम्मको कालोपत्रे सडक १६ करोड विनियोजन गरी टेन्डर प्रकृयामाबाट करिव ८करोड ३२ लाखमा भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको सडक डिभिजन कार्यालय हेटौडाले काम सुरु गरी २०७६ मा सम्पन्न गरेको थियो भने क्रमशः सिमरा-कोल्हबी अर्न्तगत नयांबस्ती देखी परसौना सम्मको कालोपत्रे भइसकेको छ,परसौना देखि सपही सम्म कालोपत्रे हुन सकेन भने सपही देखी कोल्हबी सम्मको सडक कालोपत्रे भएतापनि मर्मतको अभावमा जिर्ण बन्दै गइरहेको छ ।

संघिय सरकारले निर्माण सुरु गरेको यो सडक निर्माणका लागी गत बर्ष र यस आ.व मा संघिय

(बाँकी तीन पेजमा)

## गहवामाई मन्दिरको ११ औं वार्षिकोत्समा वीरगञ्जमा निकालिया भव्य रथयात्रा, हजारौंको सहभागिता



कामना खबर, बीरगंज ।

वीरगञ्जस्थित गहवामाईको नवनिर्मित मन्दिरको ११ औं वार्षिकोत्सवको अवसरमा पहिलो पटक भव्य रथयात्रा निकालिएको छ। मङ्गलबार विहान मन्दिर निर्माणको ११ वर्ष पूरा भएको उपलक्ष्यमा गहवामाई मन्दिर परिसार अगाडिबाट रथयात्रा निकालिएको हो । रथयात्रा वीरगञ्जको विभिन्न स्थानको परिक्रमा गर्दै पुनः गहवामाई मन्दिरमा पुगेर सम्पन्न भएको छ।

दुई महिनाको तयारी पश्चात गहवामाई मन्दिरकै आकृतिसँग मिल्दोजुल्दो बननाइको रथलाई फूलमाला र विभिन्न आधुनिक किसिमको बत्ती जडान गरेर दुलहीभैँ सजाइएको थियो । रथ तान्न पर्सा, बारा मात्रा नभएर रौतहट र भारतका विभिन्न स्थानबाट समेत श्रद्धालुहरुले सहभागिता जनाएको आयोजकले बताएका छन् । रथयात्रामा ३५ हजारभन्दा पनि बढी श्रद्धालुहरुले

(बाँकी तीन पेजमा)

## प्रदेश सासंद देबनारायण चौधरीद्वारा नाला सिलन्यास

*कामना खबर, सिमरा ।*



बारा क्षेत्र नम्बर ४ क का प्रदेश सासंद देवनारायण चौधरीको संसदिय क्षेत्र बिकास कोषबाट जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ३ मा १० लाखको लागतमा नाला निर्माण कार्य सुरू भएको छ । नाला निर्माण कार्यको प्रदेश सासंद चौधरीले आज सिलन्यास गर्नु भएको छ। वडा नं ३ स्थित शंकर पाखिनको घरदेखि मूलचोक सम्म करिब १०० मिटर नाला निर्माण हुने वडा अध्यक्ष ताराबहादुर कार्कीले जानकारी दिनुभयो ।

सिलन्यास कार्यक्रममा नेकपा एमालेका प्रदेश सदस्य मनोज पौडेल, जिल्ला सदस्य अमृतलाल श्रेष्ठ, वडा अध्यक्ष ताराबहादुर कार्की, रबिन्द्र खकुरेल,श्रीराम रेग्मी लगायतको उपस्थिति रहेको थियो ।


## जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघले मेयर राजन पौडेललाई बुझाए ध्यानाकर्षण पत्र

*कामना खबर, सिमरा ।*

जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघले आज जीतपुरसिमरा उपमहानगर पालिकाका नगर प्रमुख राजन पौडेललाई ध्यानाकर्षण पत्र पेश गरेको छ । संघका अध्यक्ष मोहन शर्मा लामिछानेको नेतृत्वमा उपमहानगर पुगेको टोलीले नगर प्रमुख पौडेललाई ध्यानाकर्षण पत्र बुझाएको हो । आर्थिक बर्ष ०८०/०८१ को उपमहानगरको आय

(बाँकी तीन पेजमा)






ओम श्री हाडवेयर, एयरपोर्ट चोक, सिमरा
सम्पर्क नम्बर-९८५५०२४६१९, ९८२३६६५५४४

## मोटरसाइकल हराएको सूचना

मिति २०८० जेष्ठ ३० गते मङ्गलवारका दिन अन्दाजी ७:२० बजेको समयमा बारा जिल्ला जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ सिमरा रङगशालाको मुल गेट अगाडिबाट प्र-२-०३-००८ प-५७७५ नम्बरको बजाज पल्सर २२० सिसि कालो-निलो रङ्गको मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा मोबाइल नम्बर ९८५५०२४९३५ मा खबर गरिदिनुहुन अनुरोध छ ।

सवारी धनी : हुलास इन्भेष्टमेन्ट प्रा.लि.
रिणि : उदय श्रेष्ठ
इन्जिन नं. DKYCKJ 61414
चेसिस नं. mD2A13Ey6LCK80053
ठेगाना : जितपुरसिमरा उपमहानगरपालिका-२, सिमरा

**प्रकाशक**
**श्री रिम मिडिया एण्ड स्कील प्रा.लि.**

**अध्यक्ष / सम्पादक** — **चन्द्रलाल पौडेल**
**सह-सम्पादक** — **श्रीराम रेग्मी**

कार्यालयः जीतपुरसमरा उपमहानगरपालिका वडा नं. २, बारा
मोबाईल नं. ९८५५०२२५४७
इमेल ठेगानाः kamanakhabar@gmail.com
Website : www.kamnakhabar.com
Facebook page : kamana khabar
मुद्रकः के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगंज-१३, पर्सा

# सबै तिर बढ्यो करको दर

कर नलिई राज्य चल्दैन। त्यसो भनेर जनतालाई अत्याचार गरी कर थोपर्नु चाहिं कुनै पनि राज्यको धर्म हुन सक्दैन। जनतासँग कर यसरी लिनुपर्छ भनिन्छ कि जसरी मौरीले फूलबाट रस लिन्छ। फूलको रस लिंदा मौरीले फूलै मार्दैन, हाँगा भाँच्दैन, फेरि उम्रन नसक्ने बनाउँदैन। हो, राज्यले पनि जनताले तिर्न सक्ने मात्रामा मात्रै कर लिनुपर्छ। करको सामान्य सिद्धान्त के पनि हो भने आधारभूत र अत्यावश्यक वस्तु तथा सेवामा छुट। तर आउँदो वर्षका लागि अर्थमन्त्री डा. प्रकाशशरण महतले ल्याएको बजेटले भने ठीक उल्टो गरेको छ। जनताले हातमुख जोर्ने कुरामै उनले थोपर्नु विधि कर थोपरेका छन्।

विलासी वस्तुमा कर घटाएका उनले नागरिकको भान्छा महँगो हुनेगरी तरकारी र फलफूलमै कर ठोकेका छन्। उनको सरासर उद्देश्य देखिन्छ( निर्धो नागरिकसँग कर उठाऊ, ठूलाठालालाई छुट देऊ। जुन प्रगतिशील कर सिद्धान्तविपरीत अर्थात् प्रतिगामी र सामन्ती शैली हो। नेपालमा चुरोट, सुर्तीमा लगाइएको कर दक्षिण एसियाकै कम हो। यसलाई बढाउन ठूलो दबाब थियो। तर, अर्थमन्त्रीको कानमा बतास लागेन। मध्यम वर्गको रोजाइका विद्युतीय सवारीको कर बढाएर विलासीमा घटाए। झनै प्रतिगामी कदम चाले( तरकारी, फलफूलमा कर लगाए। प्याज, केराउको कोसा, आलु, कोसे तरकारी, सागसब्जी, गुलियो मकै, सोयाबिन मस्यौरा र स्याउको आयातमा भ्याट लाग्ने भनेको भान्छा महँगो हुनु हो।

भन्न त आयात निरुत्साहित गर्दै स्वदेशी उत्पादन वृद्धि गर्न तरकारी, फलफूलमा कर लगाउने कदम चालिएको भनिएला। तर यस्तो नीतिबाट स्वदेशमा उत्पादन बढ्ने होइन। स्वदेशमा उत्पादन लागत महँगो छ, त्यसलाई पो घटाउन लाग्नुपर्छ। आयात रोकेर स्वदेशीलाई प्रोत्साहन गर्नेभन्दा महँगी बढाउनु हो भन्ने सामान्य हेक्का नराख्नु अर्थमन्त्रीको ठूलो भूल हो। आफू अग्लो हुन अरूलाई होचो बनाउने मूर्ख तरिका स्वरूप आयातमा कर लगाई स्वदेशी उत्पादन वृद्धि गर्ने भन्ने लक्ष्य हास्यास्पदमात्रै होइन, लज्जाजनक पनि छ।

खासमा यो सर्वसाधारण नागरिकमाथिको ठूलो अत्याचार हो। खान सक्ने भए खाऊ नसके महँगो खाऊ र त्यो पनि नसके भोकै मर जस्तो शैलीमा कर थोपर्नुलाई अत्याचारको संज्ञा दिनु अतिशयोक्ति हुँदैन।

# संविधानको पालन र राज्य सुव्यवस्थामा आचरण


— शिशिल चित्रकार —

नेपालको गणतान्त्रिक संघीय राज्य व्यवस्थामा जनताको सुख-समृद्धिका साथै संविधानले के-कति योगदान दिएको छ, जनताको इच्छा-आकांक्षा पूरा गर्न संविधान कत्तिको सहयोगीको रुपमा रहेको छ भन्ने आम जनमानसमा प्रश्नहरु आइरहनु आजको यथार्थ नै हो। संविधानको प्रारम्भिक भागमा यो देशको मूल कानुन हो भने यसलाई पालन गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भनी उल्लेख छ। निश्चित रुपमा सबैले यसलाई पालन गर्न आवश्यक भएकोमा शंका छैन तर यस बमोजिमको जनमत भए/नभएको, यसका विविध कार्यान्वयन पक्ष, कार्यान्वयन अधिकारी, जनतासमेत यसको प्रावधानहरुसँग कत्तिको जानकार छन् ? यसै गरी नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा भन्नेसमेत उल्लेख गरेअनुरुप समाजमा कार्यान्वयन, देशका बजेट नीति-निर्माणमा यसका पक्षहरु कत्तिको समेटिएका छन् ?

यो संविधान खाली राजनीति गर्नेहरुको भाषण र नाराबाजी गर्ने खेलौना वा पेवामात्र हो कि ? यो संविधानको प्रावधानबारे, उच्च नैतिकवान्, लगनशील, अनुशासनशील जनमत तयार गर्न शिक्षा प्रणाली, सामाजिक परिवेश, व्यावहारिकतामा के-कस्तो अनोन्याश्रित भूमिका छ ? संविधानको परिपालन, कार्यान्वयन गर्ने, गराउने, सजाय कार्यान्वयन गराउने पक्षसमेत कत्तिको जिम्मेवार तथा ऐन र संविधानका मर्म अनुरुप कत्तिको सक्षम वा प्रतिबद्ध छन् भन्ने प्रश्न उठ्नु जायजै होला।

संविधानका भाग २१ देखि २६ सम्म विभिन्न आयोगहरुको बेग्लै विवरण भएकोमा भाग २७ मा अन्य आयोग भनी कुनैको विस्तृत त कुनैको संक्षेपमा मात्र उल्लेख हुनुबाट पनि यी आयोगहरुको कार्यमा विभेद त भएको होइन ? वा कतै आयोगहरुको कार्य दोहोरोपन त छैन ? अझ अर्को शब्दमा भन्नुपर्दा विभिन्न आयोगहरुले के-कति कार्य गर्न सक्षम भई तत् निकाय वर्गहरुको हकहितका लागि कार्य गर्न सकेको छ अथवा तत् निकायका जनसमाजमा कार्यक्षेत्रको पहुँच बढाएको छ वा छैन ?

संविधानलाई सामान्य रुपमा बुझ्दा, सरकारको संगठनको स्वरुपलाई जनाउँछ। यो देशको सर्वोच्च कानुन भएको त सर्वविदित नै छ तर राष्ट्रको भविष्य मूलभूतरुपमा तीनवटा कुरामा निर्भर रहने कुरा विशेष स्मरणीय छ। संविधान कस्तो छ भन्ने एउटा मुख्य प्रश्न हो भने अर्को संविधानलाई कसरी काम गर्न दिएको छ र तेस्रो अझ महत्वपूर्ण छ त्यो हो संविधान निर्माण र कार्यान्वयनमा मात्र सीमित नभएर यसले सम्मान प्राप्त गरेको छ वा छैन ? यी तीनवटा प्रश्नहरु र अहिलेको देशको अवस्थालाई एकीकृत तथा अझ गहन अध्ययन, अनुसन्धानको आवश्यकता महसुस हुन्छ।

नेपालको संविधानको विकासको क्रममा नेपालको वैधानिक कानुन २००४, नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४६ र हाल लागू भइरहेको संविधान २०७२ सम्मको यात्रा, राजनीतिक उथलपुथलले समाज, राष्ट्र, जनताको सुख-समृद्धिमा के-कस्तो योगदान दिएको छ ? छ-सात दशकमा ६ वटा संविधान भोगेको देश-समाज कति अस्थिर र विचलित भयो ? व्यक्ति, पुस्ताहरुले यसको सम्मान र कार्यान्वयनतर्फ कुनै जिम्मेवारी र कर्तव्य नै बोध गर्न सकेनन्, बरु उल्टै जुत्ता र लुगा फेरेझैँ संविधान बदल्ने, खाली नाराबाजी र परिवर्तनका खोक्रो आश्वासनमा मात्र समय र श्रम बर्बाद गर्ने ? आज समाज-राष्ट्रको अवस्थालाई कतिको सुन्दर र सुखद मान्न सकिन्छ ?

राजनीतिक अस्थिरताले देश-समाजको विकास गर्न नसकिने यथार्थ हो भने अस्थिर राजनीति, अस्थिर संविधान हुनमा व्यक्तिहरुको स्वार्थ, अशिक्षा, गरिबी, समाजको परम्परा, सोचाइको कस्तो भूमिका रहन्छ ? अझ भन्ने हो भने राजनीति प्रथाले वा संसारको सबभन्दा राम्रो संविधान कहलिएको नेपाल अधिराज्यको संविधान २०४६ (तत्कालीन अवस्थामा) ले पनि राष्ट्र विकास नभएको अवस्थालाई मध्यनजर गर्ने हो भने संविधान आफैँले देश विकास गर्ने नभई व्यक्तिहरुको आचरण, व्यवहार, अनुशासन पद्धति नै देश विकासको पहिलो आधार भएको सिद्ध हुन आउँछ।

यस्तो अस्थिर परिवेश, समाजको अस्तव्यस्तता, जनमानसको कुण्ठा, व्यथा झन्-झन् बढ्न जाने निर्विवाद देखिन्छ। यस प्रसंगमा मुसाहरुको चरित्र यहाँ सम्झिन सान्दर्भिक हुन्छ। चार प्रकारका मुसाहरु हुन्छन्। एक थरीले खोर बनाउँछन् तर आफू बस्दैनन्, दोस्रो थरीले खोर बनाउँदैनन् तर बस्छन्, तेस्रो थरीले खोर बनाउँछन् र बस्छन् पनि। चौथो थरीले खोर बनाउने र बस्ने पनि गर्दैनन् अर्थात् घुमवा हुन्छन्। विगतका संविधान निर्माणका प्रक्रिया र समाजको चरित्र कतै चौथो मुसा चरित्र त भएन ?

संविधानको विभिन्न भागमा भएका विभिन्न प्रयोजन, कार्यान्वयनको तर्फ विचारणीय पक्ष हुन्। अझ यसमा जे-जस्तो नै सुन्दर पक्षबाट वर्णित गरे पनि कार्यान्वयनतर्फ हुने विभिन्न व्याख्यात्मक विभेद आदि नै तथ्यपरक वा समाजको दर्पण होइन र ? यस अर्थमा पनि संविधानको सही परिपालन नभइरहेको त होइन ? भन्ने आम जनमानसमा जिज्ञासा हुनु पनि अस्वाभाविक हुँदैन। यस अर्थमा पनि संविधान जस्तोसुकै राम्रो भए पनि कार्यान्वयन पक्षका व्यक्तिहरुको सही सोच, अनुशासन, कर्तव्यपालनाविना समाज-राष्ट्रको समृद्धि र विकासको परिकल्पनासमेत गर्नु हास्यास्पद नै हुने मान्न सकिन्छ।

शक्ति पृथकीकरणाका सिद्धान्त जतिसुकै फलाके पनि कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकाबीचको अन्तरद्वन्द्वलाई सही वा गलत कसरी लिन सकिन्छ ? व्यवस्थापिकाको आधारमा सृजित हुने कार्यपालिकाले व्यवस्थापिकातर्फ कतिको उतरदायित्व र जिम्मेवारी बहन गरेको छ ? जनतालाई सर्वोपरि ठानी जनताको सेवाका मूल आधारमा सृजना भएका व्यवस्थापिकाले जनताको सुरक्षा, समृद्धि, समस्याहरुको पहिचान, समस्याको समाधान हेतु के-कस्तो कार्यक्रम, नीति, ल्याउन सक्यो ? ल्याएका कार्यक्रम, बजेट, खर्च, जनताको आवश्यकता, सुविधा वृद्धि गर्न कत्तिको उपयोग भयो ? कत्तिको दुरुपयोग भयो ? कति आयोजना सेता हात्ती भए ? चाहिने योजना कार्यक्रम त ल्याउन त चुकेन ? जनताका हकहितका लागि कानुनहरु कत्तिको बने वा थप पीडा र बोझको रुपमा बने ? भएका, बनेका कानुनहरु समाज र लक्षित वर्ग विशेषको विकासमा के-कस्ता उपलब्धि भए ? यी र यस्ता कैयौँ सवालतर्फ व्यवस्थापिका, आम मतदाता र जनताप्रति कत्तिको उतरदायित्व र जिम्मेवारको रुपमा प्रस्तुत भएको छ ?

त्यसै गरी भएका ऐन कानुनहरुको सही व्याख्यासहित जनधनको सुरक्षा र समृद्धिमा योगदान दिन, न्याय दिन, न्यायपालिका कति सफल छ वा असफल भइरहेको छ ? अझ भन्ने हो भने समाजको संरचना र ऐन कानुनको उद्देश्यमा नै प्रतिकूल भई सही न्याय सम्पादन हुनमा बाधाको रुपमा भइरहेको अवस्था पो छ कि ?

संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश, स्थानीय तहका कार्य अधिकारको सूचीबमोजिम कतिको कार्य सम्पादन सहजरुपमा भए/नभएको, कति कार्य दोहोरोपन भएको, कति कार्य सम्पादन गर्न के-कस्ता असहज परिस्थितिहरु छन् ? आदिसमेत विश्लेषणको आवश्यकता देखिन्छ।

संघ, प्रदेश र स्थानीय सरकारका कार्यक्षेत्रहरुको विवरणले मात्र जनकल्याण हुने नभई ती सेवाहरुको विस्तार, विकास, समन्वय, कार्यरत कर्मचारीहरुप्रति ती सेवा प्रवाह गर्न तत्परता, जागरुकता, अभिरुचिको साथै सर्वसाधारणमा ती सेवाहरुको जानकारी, सेवा लिने सहज वातावरण सृजना गर्नु नै आजको आवश्यकता देखिन्छ। खाली संविधानमा लेखेको भरमा जनताले सुख-समृद्धि पाउने नभई कार्यान्वयन पक्षमा संख्यात्मक, गुणात्मक

*(बाँकी तीन पेजमा)*

**बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ**

**ठोरी गाउँपालिका**
**ध्याङडाडा, पर्सा**

कामना खबर Kamana Khabar Weekly साप्ताहिक



## सिमरा-कोल्हबी .............

सरकारले बजेट बिनियोजन गरेको छैन । संघ, प्रदेश र स्थानीय तिनै तहले यो सडकमा ध्यान दिन सकेका छैनन। सडकमा खाल्डाखुल्डी भएका छन् आवतजावत गर्न गाह्रो भएको छ पानी पर्दा हिलाम्मे हुने र घामलाग्दा धुलाम्मे हुने अवस्था बनेको छ न त स्थानिय जनप्रतिनिधिले ध्यान दिन सकेका छन् न त प्रदेश र केन्द्र बाट कुनै बजेट विनियोजन भएको स्थिति छ । सडकमा हिड्न सक्ने अवस्था नभएपछि उचिडी देखि जैतापुर सम्म सडकमा नगरपालिकाको ग्रेडरले तेल हालेर ग्रेडिङ गरिएको जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १७ का अध्यक्ष भिम ग्यान्ताङ्ले बताए ।

नयां संबिधान जारी भएपछि ६ निर्वाचन क्षेत्रबाट ४ क्षेत्र बनेर संबिधान सभा सदस्य पुरुषोत्तम पौडेल पछि नयाँ संरचना अनुसार २०७४ मा बारा क्षेत्र नम्बर ३ मा जसपाका रामबाबु कुमार यादव प्रतिनिधि सभा सदस्य भएका थिए। २०७९ को निर्वाचनमा नेकपा एमालेको तर्फबाट ज्वाला साह विजयी भए पनि सो सडकमा केन्द्र तथा प्रदेश र स्थानीय तहले बजेट छुट्याएका छैनन ।

डिभिजन सडक कार्यालय हेटौडाका प्रमुख इन्जिनियर राजेसकुमार यादवले केन्द्र सरकारले तिन आ.व. मा पठाएको बजेट अनुसार बहुबर्षीय ठेक्का लगाएरसडक निर्माण गरेको र बांकी रहेको सडकसंघीय सरकारले रकम विनियोजन नगरेका कारण काम गर्न नसक्ने अवस्था आएको बताए ।

आफूले केन्द्र सरकारसँग लडेरसिमरा(कोल्हबी सडक निर्माणका लागी बहुवर्षीय आयोजना अर्न्तगत बजेट विनियोजन गराएको र त्यसपछिका कुनै पनि सरकारले बजेट विनियोजन नगरेकोमा आफू दुखित भएको पुर्व मन्त्री पौडेलले बताए। म प्रधानमन्त्रीको सल्लाहकार भएको समयमा दुधौराको पुलका लागि बजेट विनियोजन गराइयो, बाल गङ्गाको पुल निर्माणको काम अगाडि बढाइयो,पसहाको पुलको डिपिआर गरेर टेन्डर प्रक्रियामा छोडेर म संबिधान सभाबाट बिदा भएको थिए त्यो काम ६ बर्ष बिती सक्दा पनि सुरु हुन सकेको छैन,केन्द्रमा दवाव दिए मात्र योजना पर्ने अवस्था छ अहिले दवाव पौडेलको भनाइ छ ।

नव निर्वाचित जनप्रतिनिधिले सो सडक मर्मतका लागि केन्द्र,प्रदेश वा स्थानिय तहबाट तत्काल बजेट विनियोजन गराउन आवश्यक छ। यदि त्यसोहुन नसकेमा पछि ठूलो लागत लाग्नसक्ने र स्थानीयले सास्ती व्यहोर्नु पर्ने अवस्था सिर्जना हुनसक्छ। सिमरा (कोल्हबी सडक लाइफलाईन सडकको रुपमा च्यरमन्त सँग सम्बन्ध समेत स्थापित रहेकोछ ।

## गहवामाई ....................

सहभागिता जनाएको आयोजकहरुको दावी छ। रथयात्रा निकालिनु पूर्व तराई-मधेशका प्रचलित लोक बाजा, तास र देशको अन्य भूभाग, संस्कृति, भाषा र परम्परासमेतको प्रतिनिधित्व गर्ने किसिमको विभिन्न नृत्य, झाँकी पनि प्रस्तुत गरिएको थियो ।

सयौं वर्ष पूरानो इतिहास रहेको गहवामाईको नव निर्मित मन्दिरको उदघाटन पश्चात कुनैपनि कार्यक्रम नभएकोले ११ औँ वार्षिकोत्सवको अवसरमा रथयात्रा निकालिएको हो। रथयात्रामा युवाको उत्साहजनक सहभागिता रहेको थियो । सुरुवातको तयारी देखि आज रथयात्रा निकालिँरदा सम्म पनि युवाहरुले देखाएको सक्रिय सहभागिताले पछिल्लो समय हिन्दू धर्म प्रति युवाहरुको झुकाव बढ्दै गएको वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले बताए । 'धर्मप्रति युवाहरुको उत्साहजनक सहभागिता राम्रो सन्देश हो। विदेशी संस्कृतिको प्रभावले युवाहरुमा विकृति बढिरहेको बेला यस्ता कार्यक्रममा युवाहरुले देखाएको सहभागिताले हाम्रो संस्कृति, परम्परा र धर्म प्रति युवाहरुको झुकाव अझै कायम रहेको सहजै बुझ्न सकिन्छ,' उनले भने ।

गहवामाई मन्दिर समितिले अब हरेक बर्ष स्थापना दिवसको अवसर पारेर रथ यात्रा निकाल्ने निर्णय गरेको अध्यक्ष श्याम पोखरेलले जानकारी दिए । गहवामाईको रथ निर्माणमा करिब ४ सय घनफिट काठ प्रयोग गरिएको रथयात्रा समितिले जनाएको छ । रथयात्रा ढिलाई भएर आज विहान पौने ८ बजे देखि गहवामाई मन्दिरको प्राङगणबाट निकालेर रेलवे रोड हुँदै रामटोल, रेशमकोठी, विर्तामन्दिरबाट मेनरोड हुँदै अलखियामठ, आदर्शनगर, माईस्थान भएर पुन गह्मावमाई मन्दिरमा पुगेर समापन गरिने रथ यात्रा व्यस्थापन समितिले जनाएको छ। वीरगञ्ज महानगरपालिकाले रथयात्रा निकालिने दिन आज सार्वजनिक बिदा समेत दिएको छ।

## जीतपुरसिमरा ............

व्यय वक्तव्यमा करका दर बैज्ञानिक हुन पर्ने, अनावश्यक कर खारेज हुन पर्ने, उपमहानगरपालिकाको व्यवसायीक सटरभाडा बुझाउने म्याद पौष सम्म दिन पर्ने लगायतका बिषयमा ध्यानाकर्षण पत्र बुझाईएको संघका अध्यक्ष लामिछानेले जानकारी दिनुभयो । पत्र बुझ्दै नगरप्रमुख पौडैलले उद्योग बाणिज्य संघको ध्यानाकर्षण पत्रमा उल्लेख भएका कुराहरूलाई मध्यनजर गरी बजेट वक्तव्य आउने आश्वासन दिनुभयो। कार्यक्रममा नगरउद्योग बाणिज्य संघका कार्यसमिति सदस्य लगायत उद्योगीहरू रहेका थिए ।

## संविधानको .................

सुधारको आवश्यकता नै पहिलो आवश्यकता हो ।

खाली 'राम्रो संविधान' लेखको भरमा मात्र राष्ट्र समृद्धिको बाटोमा लम्किन्छ भन्नु व्यर्थ नै भएको करिब सात-आठ दशकको नेपालको राजनीतिक यात्राले भन्दैन र ? समाज राष्ट्रको विकासका लागि राजनीति मात्र मूल केन्द्र नभई सबै अंगहरुबाट संविधानको परिपालन, सफल कार्यान्वयन र त्यसका लागि सक्षम अनुशासनशील जनमत तयार गर्नु नै निर्विकल्प उपायको रुपमा अंगिकार गर्नु आजको समयको माग हो। सर्वसाधारणसमक्ष संविधानको लक्ष्य बमोजिम सेवा दिनु, सेवाका प्रकारहरुको आवश्यक जानकारीको व्यवस्था गर्नु, सहज पहुँचका लागि पहलकदमी गर्नु, व्यक्तिगत आचरण, अनुशासन, कर्तव्यपरायण भई सेवा दिने जनमत तयार गर्नु आजको पहिलो प्राथमिकता हो । (लेखक चित्रकार नेपाल नागरिक उड्डयन प्राधिकरणका भू.पू. निर्देशक हुनुहुन्छ ।) (साभार-नेपाल समाचारपत्र)

# आदिपुरुष चलचित्रको प्रदर्शन नेपालभर रोकियो



काठमाडौं । भारतीय चलचित्र आदिपुरुषको प्रदर्शन नेपालभर रोकिएको छ । काठमाडौँ महानगरपालिका प्रमुख बालेन्द्र शाहले 'जानकी भारतकी छोरी हुन्' भन्ने आशयको संवाद मूल संस्करणबाट नहटाएसम्म महानगरभित्र कुनै पनि भारतीय चलचित्र प्रदर्शनमा रोक लगाएपछि देशभर चलचित्रको प्रदर्शन रोकिएको हो । उक्त चलचित्रको नेपाल वितरण कम्पनी ब्याक्तटेस फिल्म्सले एक विज्ञाप्ति जारी गर्दै प्रदर्शन नगर्ने जानकारी गराएको छ।

कम्पनीका निर्देशक मनोज राठीले सिर्जित अवस्थाका कारण प्रदर्शन रोकिएको जानकारी दिए । "काठमाडौँमा चलचित्र प्रदर्शन रोकिएपछि सिर्जित अवस्थाका कारण हामीले देशभर प्रदर्शन रोक्ने निर्णय लिएका हौँ", वितरक राठीले भने। यस्तै, वितरक तथा प्रदर्शकको छाता संस्था नेपाल चलचित्र संघले सम्पूर्ण भारतीय चलचित्रमा रोक लगाएको विषयमा असन्तुष्टी व्यक्त गरेको छ । संघका उपाध्यक्ष गोपालकाजी कायस्थले कानुनी प्रक्रियामार्फत उपचार खोज्ने जानकारी दिए। उनले भने, "यसरी सम्पूर्ण भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाउनु उचित समाधान होइन । हामी यसविरुद्ध कानुनी प्रक्रियामा जान्छौँ र निकास खोज्छौँ।" काठमाडौँ महानगर पश्चात चलचित्र आदिपुरुषलाई पोखरा, धराण, वीरगञ्जलगायतका सहरमासमेत स्थानीय निकायका प्रमुखले प्रदर्शन नगर्न निर्देशन दिइसकेका थिए ।

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बारा, कलैया, मधेश प्रदेश
(प्रशासन शाखा)

प.सं.२०७९/०८०
च. नं.६६६९ मिति:२०८०-०२-३१

विषय- उपस्थिति सम्बन्धमा ।

श्री नगर सभा सदस्यज्युहरू (सबै)
कलैया उपमहानगरपालिका ।

प्रस्तुत विषयमा मिति २०८०।०२।१९ गते नगरकार्यपालिकाको सोह्रौं बैठकको निर्णयानुसार यस कलैया उपमहानगरपालिकाको एघारौ नगर सभा मिति २०८०।०३।०६ गते बुधबार दिनको ११ बजे तपसिल बमोजिमको प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न कलैया उपमहानगरपालिकाको सभाहलमा हुने भएकोले यस न.पा.का नगर सभा सदस्य ज्युहरूलाई अनिवार्य एवं गरिमामय उपस्थितिका लागि सादर अनुरोध छ।

तपसिल
१.आ.व.२०७९।०८० को श्रावण १ गतेदेखि ज्येष्ठ मसान्त सम्मको आय र व्यय सार्वजनिकरण तथा समिक्षा गर्ने ।
२.कलैया उपमहानगरपालिकाको आ.ब.२०८०।०८१ को बजेट तथा कार्यक्रम निर्माण गर्ने ।
३.क.उ.म.न.पा. द्वारा निर्मित ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण तथा संशोधन गर्ने ।
४.आर्थिक वर्ष २०७८।०७९ को आर्थिक कारोवारको अन्तिम लेखापरीक्षणको लेखापरीक्षण प्रतिवेदन माथि छलफल तथा प्रतिकृया लेखे एवं आ.ब.२०७८।०७९ सम्मको नियमित बेरुजु फछर्यौट गर्ने ।
५.बिभिन्न समसामयिक विषयमा छलफल तथा निर्णय गर्ने सम्बन्धमा ।

नाथु साह
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
- श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार काठमाडौं- जानकारीको लागि ।
- श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम,धनुषा- जानकारीको लागि ।
- श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम- जानकारीको लागि ।

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

जन्म,मृत्यु,बसाइ सराइ,बिवाह र सम्बन्ध बिच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ-आफ्नो वडा कर्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनि मान्यता प्राप्त गरौ ।

पर्सागढी नगरपालिकाको कार्यालय
हरपुर,पर्सा

कामना खबर
Kamana Khabar Weekly साप्ताहिक


# खेल समाचार

## विश्वकप छनोट क्रिकेटमा नेपालको पहिलो जित

काठमाडौं । विश्वकप छनोट क्रिकेटमा अमेरिकासँगको खेलमा नेपाल ६ विकेटले जितहासिल गरेको छ। जिम्बाब्वेको हरारेमा जितका लागि पाएको २०८ रनको लक्ष्य नेपालले ४३ ओभरमा ४ विकेट गुमाएर भेट्टायो । नेपाललाई जिताउन भीम सार्की र दीपेन्द्रसिंह ऐरीले नट आउट ७४ रनको साझेदारी गरेका थिए। सार्की ७७ र ऐरी ३९ रनमा नट आउट रहे।

ओपनर कुशल भुर्तेल ३१ र आसिफ शेख १२ रनमा आउट भए। कप्तान रोहित पौडेल १६ र कुशल मल्ल १३ रनमा पभेलियन फर्केका थिए। यसअघि टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको अमेरिकाले ४९ ओभरमा सबै विकेट गुमाएर २०७ रन बनायो। उसका सयन जंहागीर १०० रनमा अविजित रहे। अमेरिकाको सुरुवात निकै खराब थियो। पावर प्लेमा करण केसीले घातक बलिङ गरेपछि अमेरिकाले १९ रन जोड्दा महत्वपूर्ण चार विकेट गुमाइसकेको थियो।

तर सुशान्त मदानी र गजानन्द सिंहले पारी सम्हाले। दुबैले पाँचौं विकेटका लागि ४७ रनको साझेदारी गरे। २२औं ओभरको तेस्रो बलमा दिपेन्द्र सिंह ऐरीले यो साझेदारी तोडे। २६ रन बनाएका गजानन्दलाई आरिफ शेखले स्लिपमा क्याच गरे। तर सातौं नम्बरमा ब्याटिङ गर्न आएका जंहागीरले क्रिजमा डटेर खेले। उनले छैटौं विकेट मदानीसँग २९ रनको साझेदारी गरे। ४२ रन बनाएका मदानीलाई ललित राजवंशीले क्लिन बोल्ड गरे। निसर्ग पटेलले ३४ रनको साझेदारी गरे, पटेललाई गुल्सन झाले विकेटकिपर आसिफ शेखको हातबाट क्याच आउट गराए।

त्यसपछि आएका जेस्सी सिंहले जंहागीरसँग ४२ रनको साझेदारी गरे। जेस्सीलाई दिपेन्द्र सिंह ऐरीले कप्तान रोहित पौडेलको हातबाट क्याच आउट गराए। क्रिजमा टिकेर बाउण्ड्री समेत हानिरहेका जंहागीरले नवौं विकेटका लागि सौरभ नेत्रभालकरसँग ३७ रनको साझेदारी गरे। त्यसक्रममा उनले ४८.३ ओभरमा शतक पूरा गरे।

५६ बलमा करियरमै पहिलो पटक ५० रन पूरा गरेका उनले थप २३ बलमा अर्को ५० रन थपेर शतक पूरा गरे। अर्को बलमा गुल्सनले नेत्रभालकरलाई बोल्ड गरे। अन्तिम ब्याट्सम्यानका रुपमा क्रिजमा आएका क्याल फिलिपले पहिलो बलमा रन जोड्न सकेनन्। अर्को बलमा योर्कर फालेका गुल्सनले एलबीडब्लू धरापमा पारे र अमेरिका २०७ रनमा अलआउट भयो। नेपालका करण केसी एक्लैले ४ विकेट लिए भने गुल्सन झाले ३, दीपेन्द्र सिंह ऐरीले २ र ललित राजवंशीले एक विकेट लिए। सन्दीप लामिछाने भने आज पनि विकेटविहीन रहे। १० ओभर बलिङ गरेका उनले ५८ रन दिएका थिए।

## कार दुर्घटनामा घाइते सुदुरपश्चिमका मन्त्री पृथ्वी बहादुर सिंहको उपचारको क्रममा निधन



बझाङमा दुर्घटनामा परेका सुदुर पश्चिमका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहको उपचारको क्रममा निधन भएको छ। बाँकेस्थित मेडिकल कलेज कोहलपुर मा उपचारको क्रममा निधन भएको जिल्ला प्रहरी कार्यालय बांकेका एसपी सन्तोषसिंह राठौरले जानकारी दिए। उनका अनुसरा मंगलवार साझँ ५:३३ मा मन्त्री सिंहको निधन भएको हो। '५:३३ मा बांकेस्थित मेडिकल कलेज कोहलपुरमा चिकित्सकले मन्त्री सिंहलाई मृत घोषणा गरेका हुन्' एसपी राठौरले भने। यसअघि उनकी पत्नी अमृता र भाउजु जयादेवीको मृत्यु भएको थियो। उनीहरूको देउराको निजी मेडिकलमा उपचारको क्रममा मृत्यु भएको थियो। मंगलबार दिउँसो २ बजेतिर डडेल्धुराबाट चैनपुर जानेक्रममा मन्त्री सिंहसहित पाँच जना चढेको सुपप्र ०१००१ झ ४८० नम्बरको कार दुर्घटनामा परेको हो। बझाङको केदारस्यूँ गाउँपालिकाको धारछडा भन्ने ठाउँमा सडकबाट अन्दाजी ५० मिटर तल कालंगा खोला किनारमा खसेको थियो। दुर्घटनामा घाइते मन्त्री सिंहका पिएसओ सहायक प्रहरी हवल्दार दीपक भण्डारी र गाडी चालक धर्मराज जोशीको पनि कोहलपुरमा उपचार भइरहेको छ। मन्त्रीसहित उनीहरूलाई हेलिकप्टरमार्फत कोहलपुर पुर्‍याइएको थियो।

## नासु गुप्ता ..................

मितिमा सजाय निर्धारण गर्ने गरी पेसी तोकेको हो। अख्तियारले २ मंसिर ०७६ मा गुप्ताविरुद्ध अर्को मुद्दा दायर गरेको थियो। उनी मालपोत कार्यालय पर्सामा कार्यरत रहँदा ७७ लाख ८६ हजारभन्दा बढी रकम सरकारलाई नोक्सानी गराएको अभियोगपत्रमा दाबी थियो।

आर्थिक वर्ष ०७०/७१ मा उक्त कार्यालयमा कार्यरत रहँदा तत्कालीन फाँटवाला गुप्ताले उठाएको राजस्व प्रचलित कानुनबमोजिम समयमै दाखिला नगरेको भेटिएको थियो। उक्त रकम हिनामिना गर्नुका साथै महत्वपूर्ण सरकारी अभिलेख कागजात र प्रमाण नष्ट गरेको पुष्टि हुन आएपछि मुद्दा चलाइएको थियो। उनले लिखत पास गर्दा लाभकर नलिएको, एउटै नम्बर राखी विभिन्न रजिस्ट्रेसन पास गरेको तथा लिखित रजिस्ट्रेसनमा उल्लेख भएको थैली रकम घटाई कम मूल्यको थैली कायम गरेर रकम हिनामिना गरेको भन्दै अख्तियारमा उजुरी परेको थियो।

यो घटनामा पनि उनी दोषी ठहर भएका छन्। मालपोत कार्यालय पर्सामै कार्यरत रहँदा उनले भ्रष्टाचार गरेको भन्दै अर्को मुद्दा पनि दायर भएको थियो। अख्तियारले उक्त कार्यालयका तत्कालीन लेखापाल विष्णुप्रसाद ढकाल र नायवसुब्बा गुप्तालाई प्रतिवादी बनाई ७ असोज ०७९ मा विशेष अदालतमा मुद्दा चलाएको थियो। ढकालले राजस्वबापतको एक लाख ६२ हजार रुपैयाँभन्दा बढी रकम गुप्तासँग रसिदसमेत नलिई नभिडाई चलानी बुझेका थिए। १२ लाख ३७ हजारभन्दा बढी राजस्व हिनामिनामा पनि ढकालले गुप्तालाई सहयोग गरेको अख्तियारको दाबी थियो।

## अर्थ समितिद्धारा नयाँ स्टक ब्रोकरको लाइसेन्स प्रक्रिया अगाडि बढाउन निर्देशन



काठमाडौं। संघीय संसद अन्तर्गतको अर्थ समितिले नयाँ स्टक ब्रोकर लाइसेन्स प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको छ। मंगलबार बिहान बसेको बैठकले लाइसेन्स प्रक्रिया अघि बढाउन निर्देशन दिएको हो। जेठ २९ मा बसेको बैठकले भने लाइसेन्स प्रक्रिया रोक्न निर्देशन दिएको थियो। नयाँ स्टक ब्रोकर एशोसिएशन लाइसेन्स प्रक्रिया खुलाउन दौडधुपमा थियो।

मंगलबार धितो पत्र बोर्डका पदाधिकारीहरूसँग छलफल गरेपछि समितिले लाइसेन्स प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको हो। नयाँ ब्रोकर कम्पनीको लाइसेन्स प्रक्रियामा व्यापारिक घरानाको स्वार्थ मिसिएको र सोही स्वार्थमा रहेर नेपाल धितोपत्र बोर्डले लाइसेन्स दिएको आरोप लाग्दै आएको छ। सर्वोच्च अदालतले खुला गरिदिएको लाइसेन्स प्रक्रिया संसदीय अर्थ समितिले रोकेको थियो।

स्टक ब्रोकरका लागि ४५ वटा आवेदन परेको थियो। यसमा ४२ ब्रोकर कम्पनीलाई आशयपत्र दिएको बोर्डले १८ वटा कम्पनीलाई अन्तिम लाइसेन्ससमेत दिइसकेको छ।

## स्थानीय तहलाई ...........

सेवा संलग्न हुनुपर्ने स्वास्थ्यकर्मी सरुवा, कामकाज तथा अन्य कुनै बहानामा मन्त्रालय तथा विभाग धाउने कामको अनुगमन गर्न, कर्मचारीहरुको अभिलेख व्यवस्थापन र व्यक्तिगत विवरण राख्ने समेत मन्त्रालयले सबै स्थानीय तहलाई निर्देशन दिएको छ। त्यस्तै, प्रदेश वा स्थानीय तहका स्वास्थ्य सेवाका कर्मचारीहरुको व्यवस्थापन नेपाल सरकारको स्वीकृत दरबन्दी भित्रको रिक्त पद बाहेक अन्य कुनै पनि पदमा कामकाज गर्न खटाउने गरी सिफारिस नगर्न परिपत्र गरेको छ।

जन्म, मृत्यु, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं।
कलैया उपमहानगरपालिकाको कार्यालय
कलैया, बारा

जन्म , मृत्यु, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं।
करैयामाई गाउँपालिका कार्यालय, करैया

जन्म , मृत्यु, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं।
निजगढ नगरपालिका कार्यालय
निजगढ

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ
परसौनी गाउँपालिका
परसौनी, बारा

जन्म , मृत्यु, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं।
कोल्हबी नगरपालिका कार्यालय, कोल्हबी

# जिवन शैली र स्वास्थ्य

## गर्भको लिङ्ग पहिचान गर्ने कार्य रोक्न सबै स्थानीय तहलाई परिपत्र



काठमाडौं । सरकारले गर्भको लिङ्ग पहिचान गर्ने कार्यलाई रोक्न सबै स्थानीय तहलाई परिपत्र गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत देशभरका ७५३ वटै स्थानीय तहलाई परिपत्र गरेको हो ।

मन्त्रालयले नेपालको राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लैंगिक अनुपातमा असमानता देखा पर्न लागेको र विभेदपूर्ण लिङ्ग छनौटको अन्यका लागि राष्ट्रिय रणनीतिक २०७८( २०८८ मा समेत विभदेपूर्ण लिङ्ग छनौटको अन्त्य गर्ने कार्यनीति तथा कार्ययोजना रहेको स्मरण गराउदैं परिपत्र गरेको हो ।

मन्त्रालयले मुलुकी अपराध संहिता २०७४ को दफा १८८ को उपदफा ७ र ८ मा र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १७ मा गर्भको लिङ्ग पहिचान गर्ने कार्यलाई कानुननत दण्डनीय अपराध मानेको भन्दै आफ्ना मातहतमा रहेका स्वास्थ्य संस्थामा त्यस्ता गतिबिधि नहुने वातावरण तयार गर्न स्थानीय तहलाई परिपत्र गरेको हो ।

मुलुकी अपराध संहिता २०७४ को दफा १८८ को उपदफा ७ मा कसैले गर्भपतन गराउने उघेश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुदैंन । उपदफा ८ को क मा गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि ६ महिनासम्म कैद र लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई थप एक वर्षसम्म कैद गरिने व्यवस्था छ ।

यस्तै सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १७ मा कसैले गर्भमा रहेको भ्रुणाको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउने नहुने भनिएको छ । यदि गर्भवती महिलालाई गर्भको लिङग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दबाब दिन वा बाध्या पार्न नपाइने भनिएको छ ।

## स्थानीय तहलाई स्वास्थ्य मन्त्रालयले भन्यो : आधारभूत अस्पतालका जनशक्तिको तलबभत्ता आफैं व्यहोर्नू

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तहहरुलाई आधारभूत अस्पतालका लागि आवश्यक जनशक्तिको तलबभत्ता आफैं व्यहोर्न आग्रह गरेको छ । सोमबार स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले ७ बुँदे परिपत्र गर्दै संघीय सरकारलाई आर्थिक भार परेको भन्दै आधारभूत अस्पतालका लागि आवश्यक जनशक्तिको तलबभत्ता आफैं व्यवस्था गर्न स्थानीय तहहरुलाई आग्रह गरेका हुन् ।

स्वास्थ्य मन्त्रालयले ५, १० र १५ शय्याको अस्पतालहरुको दरबन्दीको नमूना तयार भएको र उक्त दरबन्दीको संरचना र दरबन्दी स्वीकृत नभएको जनाउँदै संघीय सरकारले आर्थिक भार लिन नसक्ने भन्दै जनशक्ति व्यवस्थापनका लागि सबै स्थानीय तहलाई पत्रपरिपत्र गरेको हो । 'आधारभूत अस्पतालको दरबन्दीको नमुना तयार भएको तर नेपाल सरकारद्वारा हालसम्म संगठन संरचना तथा दरबन्दी स्वीकृत भइसकेको हुँदा संघीय सरकारमा आर्थिक भार नपर्ने गरी पालिकाको आवश्यकता र आर्थिक स्रोत हेरी कर्मचारीसँगै तलव, भत्ता, अन्य सुविधाको व्यवस्थापन पालिकाबाटै हुन' मन्त्रालयले गरेको परिपत्रमा भनिएको छ ।

स्वास्थ्य मन्त्रालयले आधारभूत अस्पतालको दरबन्दी नमुना पास गरेर २१ असार २०७९ मा मन्त्रिपरिषद्बाट पठाएपछि उक्त दरबन्दी पास भएको छैन । आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनका लागि केही स्थानीय तहले स्वास्थ्यकर्मी नियुक्त गरेका कारण संघीय सरकारमा थप आर्थिक भार परेको भन्दैं मन्त्रालयले आगामी आर्थिक वर्षबाट स्वास्थ्यकर्मीको तलव, भत्ताको व्यवस्था पालिकाबाटै गर्न निर्देशन दिएको छ ।

यस्तै, राष्ट्रिय किताबखानामा दर्ता भएका निकाय र पदहरु बाहेकका पदमा कर्मचारीहरुको तलव, भत्ता पनि नेपाल सरकारबाट उपलब्ध नहुने मन्त्रालयले बताएको छ । कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका कतिपय कर्मचारीले समायोजन पत्र बुझी समायोजन भएको ठाउँमा हाजिर भएकाले यथाशीघ्र रमाना लिएर हाजिर हुने व्यवस्था गर्न निर्देशन दिइएको छ । यसअघि स्वास्थ्यले पालिकाको सहमतिका आधारमा स्वास्थ्यकर्मीहरुलाई एक पालिकाबाट अर्को पालिकामा कामकाजका लागि खटाउँदै आएको थियो ।

आगामी आर्थिक वर्षबाट दरबन्दीबाहेकका कर्मचारी तलव, भत्ता दिन अर्थ मन्त्रालयले नसकिने बताएको उल्लेख गर्दै यो व्यवस्थापन पालिकाहरु आफैले गर्न भनेको छ । नेपाल सरकारको मन्त्रिपरिषद्बाट स्वीकृत दरबन्दीबाहेकका पदमा संघलाई आर्थिक भार पर्नेगरी प्रदेश लोकसेवा आयोगबाट स्थायी पूर्ति नगराउन, नियमित बिरामी उपचार

*(बाँकी चार पेजमा)*


पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

प.सं. :- २०७९/०८०
च.नं. २६५०
मिति:- २०८०/०३/०३ गते

विषय :- नवौं नगरसभामा उपस्थित भई दिनुहुन ।

श्री नगरसभा सदस्यज्यूहरु (सबै),
पर्सागढी नगरपालिका हरपुर, पर्सा।

प्रस्तुत विषयमा पर्सागढी नगरपालिकाको आ.व. २०८०/०८१ को नवौं नगरसभा तपसिलको मिति, समय र स्थानमा हुने निर्णय भएको हुँदा यहाँको गरिमामय उपस्थितीका लागि अनुरोध गरिन्छ । उक्त नगरसभालाई शिष्ट, मर्यादित र ऐतिहासिक बनाउने तर्फ यहाँको अमूल्य योगदान रहने छ भन्ने समग्रतया अपेक्षा गरिएको छ ।

तपसिल:
मिति :- २०८० असार ०९ गते शनिबार
समय :- दिनको ०२:०० बजे देखि प्रारम्भ
स्थान :- पर्सागढी नगरपालिकाको कार्यालय, हरपुर, पर्सा

छविरमण भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

website-parsagadhimun.gov.np Email-parsagadhimun2075@gmail.com Contact No.९८५५०११११२



बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भर्ना गराई नियमित रुपमा बिद्यालय पठाउ
जितपुरसिमरा उपमहानगरपालीका
७ नम्बर वडा कार्यालय
जितपुर,बारा
मधेस प्रदेस,नेपाल



बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ
परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा



बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ
पोखरिया नगरपालिका
पोखरिया, पर्सा

कामना खबर
Kamana Khabar Weekly साप्ताहिक
२०८० साल, असार ६ गते बुधबार

# नासु गुप्ता भ्रष्टाचारसम्बन्धी चार मुद्दामा दोषी ठहर

## महालेखापरीक्षकको कार्यालयका निर्देशक सापकोटालाई पनि सजाय

*कामना खबर, सिमरा।*

भूमिसुधार तथा मालपोत कार्यालय कलैयाका तत्कालीन नायवसुब्बा मदनप्रसाद गुप्ता चारवटा भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । उनीसमेतका कर्मचारीहरूले तीन करोडभन्दा बढी रकम भ्रष्टाचार गरेको दाबीसहित विभिन्न मितिमा पाँचवटा मुद्दा दायर भएकोमा विशेष अदालतले सोमबार एउटा मुद्दामा सफाइ र बाँकी मुद्दामा कसुर कायम तथा आंशिक ठहरको फैसला गरेको छ । विशेषका सदस्यद्वय यमुना भट्टराई र बलभद्र बास्तोलाको इजलासले यस्तो फैसला गरेको हो ।

विशेष अदालतका प्रवक्ता दीपेन्द्रनाथ योगीका अनुसार गुप्तासमेत पाँचजनाउपर दायर मुद्दामा आंशिक ठहर हुने फैसला भएको हो । अनियमितता गरी भ्रष्टाचार गरेको भन्दै १ जेठ ०७६ मा पहिलोपटक दायर मुद्दामा उनीसमेत तीनजना दोषी ठहर भएका छन् । मालपोतका लेखापाल युगलकिशोर ठाकुर र नायवसुब्बा शत्रुधन राउतलाई विशेषले सफाइ दिएको छ। उनीहरूले भ्रष्टाचारजन्य कार्यमा मदनलाई सहयोग गरेको निष्कर्ष अख्तियारको थियो ।

विशेषले नासु गुप्तालाई नौ महिना कैद र २५ हजार रुपैयाँ जरिवाना हुने सजाय सुनाएको छ । यसै मुद्दामा नीरज गुप्ता र सुनील पटेललाई समेत मतियार कायम गर्दै विशेषले बराबर सजाय सुनाएको प्रवक्ता योगीले बताए । नीरज र पटेललाई जनही साढे चार–चार महिना कैद तथा साढे १२–१२ हजार रुपैयाँ जरिवाना हुने सजाय सुनाएको हो ।

आर्थिक वर्ष ०७४/७५ मा रजिस्ट्रेसन फाँट नम्बर ३ मा कार्यरत मदनले आफू कार्यरत अवधिमा बुझेका राजस्व रसिद, पारित गरेका सक्कलै लिखत तथा सोसँग सम्बन्धित अन्य कागजात, लिखत दर्ता किताब, राजस्व रसिदसमेतका विभिन्न कागजात सम्बन्धित कार्यालयमा नबुझाएको भेटिएको थियो । ती कागज उनले आफ्ना सवारीचालक सुनीलकुमार पटेलको डेरामा लुकाएर राखेको अवस्थामा बरामद भएको थियो । 'महत्वपूर्ण कागजातहरू आफूसमेतको मिलेमतो र प्रत्यक्ष संलग्नतामा सरुवा भएर अन्यत्र कार्यालयमा जाँदासमेत कानुनबमोजिम बरबुझारथ नगरी बदनियतपूर्वक आफ्नो फाँटमा भएका अनियमितता लुकाउने मनसायले आफूसँगै लाने र नष्ट गर्ने मनसाय राखी अनधिकृत रूपमा लुकाउने कार्य गरेको देखिएको' भन्दै अख्तियारले उनीसहित पाँचैजनालाई प्रतिवादी कायम गरी मुद्दा चलाएको थियो ।

सोही मितिमा मदनसहित ६ जनाउपर राजस्व रकम हिनामिना गरेको अर्को अभियोग पनि दायर भएको थियो। विशेषमा दायर उक्त मुद्दामा पनि अभियोग दाबी ठहर भएको छ। प्रवक्ता योगीका अनुसार कमल खतिवडा, प्रवीण गौतम र अजयकुमार सापकोटासमेत लाई भ्रष्टाचार मुद्दामा सजाय सुनाइएको छ । तीनैजनालाई जनही तीन(तीन महिना कैद र १०(१० हजार रुपैयाँ जरिवाना भराउने फैसलामा उल्लेख छ । खतिवडा र गौतम कोष तथा लेखानियन्त्रक कार्यालय बाराका लेखापाल हुन् भने सापकोटा महालेखापरीक्षकको कार्यालय बबरमहलका निर्देशक हुन्। उनीहरूले मालपोत कार्यालय कलैयाको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गर्दा कार्यालयमा रहनुपर्ने सक्कली कागजात नै लुकाएको तथ्यलाई बेवास्ता गरी भए गरेका तथ्यहरू लोप गरी लेखापरीक्षणाका आधारभूत सिद्धान्तविपरीत बदनियतपूर्वक लेखापरीक्षण प्रतिवेदन तयार गरेको आरोप अखितयारले लगाएको थियो ।

'तीनजनाको हकमा तीन वर्षभन्दा कम सजाय भएकाले सजाय सुनाइएको हो । बाँकी तीनजनाका लागि भने १३ जेठसम्म सजाय निर्धारणका लागि प्रतिवेदन पेस गर्ने र १४ जेठमा पेसी तोकेर सजाय निर्धारण गरिनेछ,' विशेष अदालतका प्रवक्ता योगीले भने । यो मुद्दाका अन्य तीन प्रतिवादीलाई तीन वर्षभन्दा बढी सजाय हुने भएको छ। जसमा फाँटवाला नासु गुप्ताका साथै लेखापाल युगलकिशोर ठाकुर र मालपोत कार्यालय बाराका तत्कालीन कार्यालय प्रमुख (मालपोत अधिकृत) राजराजेश्वर त्रिवेदी छन् ।

गुप्ताले २० कात्तिक ०७४ देखि २८ साउन ०७५ सम्ममा सक्कली नगदी रसिद प्रयोग गरी तीन करोड ३७ लाख ९८ हजार रुपैयाँभन्दा बढी रकम संकलन गरेको भेटिएको थियो । साथै, नक्कली रसिदसमेत उनले प्रयोग गर्ने गरेको अख्तियारको अनुसन्धानले देखाएको थियो। अख्तियारका अनुसार गुप्ताले नक्कली रसिदबाट एक करोड ३५ लाख ७० हजार रुपैयाँभन्दा बढी रकम संकलन गरेका थिए। जसमध्ये दुई करोड ५० लाख ८६ हजारभन्दा बढी रकम हिनामिना गरेको भेटिएको थियो ।

३ जेठ ०७६ मा अख्तियारले दर्ता गरेको राजस्व रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा सफाइ दिने आदेश भएको छ। तत्कालीन कार्यालय प्रमुख नासु मदनप्रसाद गुप्ता, लेखापाल युगलकिशोर ठाकुर र नायवसुब्बा शत्रुधन राउतले भ्रष्टाचार गरेको भनी दायर अभियोगदाबी रहेकोमा तीनैजनालाई सफाइ दिइएको हो ।

### यस्ता थिए अन्य तीन मुद्दा

भ्रष्टाचारकै अन्य दुई मुद्दामा १४ जेठमै सजाय निर्धारण हुने प्रवक्ता योगीले जानकारी गराए। नासु मदन गुप्तासमेत संलग्न रहेका अन्य दुईवटा भ्रष्टाचार मुद्दामा तीन वर्षभन्दा बढी सजाय हुने भएकाले विशेषले उक्त

*(बाँकी चार पेजमा)*

जन्म, मृत्यु, बसाइ सराइ, बिवाह र सम्बन्ध बिच्छेद
जस्ता ब्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र
आ-आफ्नो वडा कर्यालयहरुमा गई निशुल्क दर्ता
गराई कानुनि मान्यता प्राप्त गरौ ।
जितपुरसिमरा उपमहानगरपालीका
६ नम्बर वडा कार्यालय
नगौल, बारा
मधेस प्रदेस, नेपाल

# जीतपुरसिमराको नीति तथा कार्यक्रम सार्वजनिक, बजेट असार १० गते आउने




*कामना खबर, सिमरा।*

जीतपुरसिमरा उपमहानगरपालिकाको नीति तथा कार्यक्रम शनिवार सार्वजनिक गरिएको छ । अमलेखगञ्जमा आयोजित आठौं नगरसभामा नगर प्रमुख राजन पौडेलले आगामी वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । 'आत्मनिर्भर, सक्षम एवम् जनमुखी स्थानीय सरकार, समृद्धिपूर्ण सुशासन जीतपुरसिमराको आधार' को परिकल्पना गर्दै नगर प्रमुख पौडेलले २० पृष्ठ लामो नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन्। नगरसभामा पौडेलले जनप्रतिनिधिका रुपमा अघिल्लो आर्थिक वर्ष उलपब्धी मूलक रहेको उल्लेख गर्दै भावी योजना प्रस्तुत गरेका थिए ।

पौडेलले आफ्नो नीति तथा कार्यक्रममा सेवा प्रवाह, सुशासन, स्वास्थ्य, कृषी, शिक्षा, पूर्वाधार, सहकारी, भूमी, न्याय, पर्यटनलगायत क्षेत्रलाई समेटेका छन्। उनले देशकै नमूना उपमहानगरपालिकाको रुपमा सवलिकरण गर्दै जीतपुरसिमरालाई सक्षम आत्मनिर्भर नगर बनाउने उदेश्य रहेको बताएका छन् ।

नगर प्रमुख पौडेलले स्वास्थ्य क्षेत्रतर्फ एक वडा एक एम्बुलेन्स सेवाको योजना कार्यान्यवन ल्याउने बताएका छन् । यसैगरी परम्परागत र आयूर्वेद उपचार पद्धतिलाई प्रवर्द्धन गर्ने योजना उनले ल्याएका छन् । कृषी क्षेत्रमा युवा अवस्थाको उर्जालाई कृषी क्षेत्रमा व्यवसायीकरण गर्न स्वरोजगार बन्ने र बनाउने, कृषी उपज भण्डार गर्न शित भण्डार र खाद्य भण्डार निर्माण, कृषी प्रयोजनका लागि माटो परीक्षण प्रयोगशाला निर्माणको योजना आफ्नो कार्यक्रममा पौडेलले समेटेका छन् ।

शिक्षा क्षेत्रमा एक विद्यालय एक बाल उद्यान, कक्षा ९ सम्मको प्रश्नपत्र उपमहानगरपालिकाले तयार गरी परिक्षा लिईने, नगर शिक्षा कोषको थालनी, एक विद्यालय एक नर्स, एमबिबिएस, ईन्जियनियरिङ पढ्ने छात्रछात्रालाई छात्रवृत्तिको योजना राखिएको छ । यसैगरी पूर्वाधारतर्फ उपभोक्ता समितिलाई निरुत्साहित गर्दै टोल विकास समितिमार्फत निर्माण कार्य गरिने, जीतपुरसिमरा ८ मा कृषी बजार, जीतपुर, सिमरा, नितनपुर र डुमरवानामा व्यापारिक भवन, पथलैया, अमलेखगञ्ज, वडा नं. ५ र वडा नं. २३ मा ट्रक तथा बस पार्किङ निर्माण गर्ने योजना नीति तथा कार्यक्रममा समेटिएको छ ।

वन तथा वातावरणतर्फ एक घर दुई विरुवा, २० माइक्रोन भन्दा माथीको प्लास्टिकको झोला बिस्थापित, वडा र नगरको नेतृत्वमा फोहोर व्यवस्थापन, भूमितर्फ नगर भित्रका घरको आधुनिक प्रणालीमा अभिलेखिकरण, मालपोत र नापीलाई नगरपालिका अन्तर्गत ल्याउन पहल, स्थानीय सरकार संचालन ऐन बमोजिम जग्गाधनी पूजा वितरण, पर्यटनतर्फ जीतपुरसिमरालाई पर्यटन हब बनाउन विभिन्न कार्यक्रम ल्याइएको छ। नगर प्रमुखले पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा १९ जना नगरसभा सदस्यले सुझाव राखेका थिए । नगरसभा सदस्यको सुझावलाई समेटेर अघि बढ्ने बताउदै नगर प्रमुख पौडेलले असार १० गते बजेट सार्वजनिक गरिने बताए । नगर प्रमुख पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा केन्द्रीत रहेका नगर उपप्रमुख भोलाप्रसाद अधिकारीले बजेट सार्वजनिक गर्नेछन् ।

नगर प्रमुख पौडेलको अध्यक्षतामा सम्पन्न सभामा नगर उपप्रमुख अधिकारीले स्वागत मन्तब्य राखेका थिए । कार्यक्रमको सहजीकरण प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले गरेका थिए ।

# ठोरी गाउँपालिकाको स्वास्थ्य चौकीमा प्रयोगशालाको आज उद्घाटन

*कामना खबर, ठोरी।*

ठोरी गाउँपालिका सुवर्णपुरको स्वास्थ्य चौकीमा आज प्रयोगशालाको उद्घाटन गरिएको छ । गाउँ पालिका अध्यक्ष लाल बहादुर श्रेष्ठले सो प्रयोगशालाको आज उद्घाटन गरेका हुन। कार्यक्रममा गाउँ पालिका उपाध्यक्ष गोकुली रेग्मी, ठोरी ५ का वडाध्यक्ष अष्ट बहादुर लोप्चन, कार्यपालिका सदस्यहरु लगायतको उपस्थितिमा प्रयोगशालाको उद्घाटन गरिएको हो । सरकारी स्वास्थ्य संस्थामा राखिएको प्रयोगशालाबाट अति सामान्य खर्चमा ल्याब टेस्ट गरिने भएकाले ठोरीबासीले सो सेवा सहजै लिन सक्ने कार्यक्रममा जानकारी गराइएको थियो । कार्यक्रमलाइ सम्बोधन गदै गाउँ पालिका अध्यक्ष श्रेष्ठलेसामान्य स्वास्थ्य परीक्षण गर्न पनि बिरगंज धाउनु पर्ने बाध्यता हटाउदैसुवर्णपुरमा प्रयोगशाला राखिएको बताए । पालीकाले ठोरीको स्वास्थ्य र शिक्षामा बिशेष योजनाका साथ अघि बढीरहेको श्रेष्ठको भनाइ थियो ।

